आज मिति २०८३।०४।२८ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रह्यो।

उपस्थिति

क्र.स.	नाम, थर	पद	ठेगाना	हस्ताक्षर
१	श्री केशव कुमार श्रेष्ठ	नगर प्रमुख	बुद्धभूमि न.पा. १	
२	श्री मिरा थारु	उप प्रमुख	बुद्धभूमि न.पा. २	
३	श्री तेज बहादुर बस्नेत	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १	
४	श्री सुरज प्रताप राणा	वडा अध्यक्ष	बुद्धभूमि न.पा. २	
५	श्री गोविन्द प्रसाद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ३	
६	श्री सुसिल कुमार चौधरी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ४	
७	श्री रोम बहादुर थापा क्षेत्री	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ५	
८	श्री ऐलेन्द्र प्रसाद कुर्मी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ६	
९	श्री शालिकराम यादव	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ७	
१०	श्री कपिलदेव तिवारी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ८	
११	श्री प्रमोद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ९	
१२	श्री सन्दीप कुमार पान्डेय	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १०	
१३	श्री कमला चौधरी	का. सदस्य	बुद्धभूमि न.पा. १	
१४	श्री शिवाली थारु	का. सदस्य	बुद्धभूमि न.पा. २	शिवाली
१५	श्री अनिता कुमारी पासी	का. सदस्य	बुद्धभूमि न.पा. ६	अनिता
१६	श्री विमला देवी कुर्मी	का. सदस्य	बुद्धभूमि न.पा. ८	
१७	श्री अनिता देवी यादव	का. सदस्य	बुद्धभूमि न.पा. ९	अनिता
१८	श्री प्रभावती लोहार	का. सदस्य	बुद्धभूमि न.पा. ७	प्रभावती
१९	श्री तारादेवी सुनार	का. सदस्य	बुद्धभूमि न.पा. ४	
२०	श्री कमलेश बरई	का. सदस्य	बुद्धभूमि न.पा. १०	
२१	श्री यमकान्त पाण्डेय	सदस्य-सचिव	बुद्धभूमि न.पा.	

मिति :२०८३।०४।२८ गते बिहान ८:०० बजे बसेको बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

निर्णय: मिति २०८३।०४।०४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने / गराउने निर्णय गरियो ।

२. **भूमि समस्या समाधान समिति कपिलवस्तु ।**

निर्णय : भूमि समस्या समाधान समिति कपिलवस्तुको च.नं. ०५ मिति २०८३।०४।२१ गतेको पत्रानुसार स्थानीय तहहरूले NALCIS मा प्रविष्ट गर्दा डाटाहरू अपूर्ण देखिएकाले सम्बन्धित निवेदकबाट कारण सहित निवेदन दिई त्यस्तो फारामहरूलाई भूमि समस्या समाधान समिति कपिलवस्तुको अनुरोध/ निर्देशन बमोजिम वडा स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको थप निर्णय र कागजात सहित नगर भूमि समस्या सहजीकरण समिति मार्फत नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

३. **लागत साझेदारी तर्फका योजना कार्यक्रम सम्बन्धमा ।**

निर्णय: यस नगरपालिकाको उन्नाइसौँ नगर सभाको बार्षिक योजना पुस्तिकामा लागत सहभगिता कार्यक्रमको लागि बजेटको सुनिश्चिता भएकोले लागत सहभागिता (५०:५०, ६०:४०, ७०:३०) र अन्य संघसंस्था/निकाय/समुदायसँग साझेदारी कार्यक्रमका लागि योजना तथा कार्यक्रमहरूको प्रस्ताव माग गर्न २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. **भू-उपयोग परिषद्को निर्णय सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको भू-उपयोग परिषदको मिति २०८३।०४।२७ गतेको निर्णयहरू अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. **किसान सूचीकरण तथा तथ्यांक संकलन सम्बन्धमा ।**

निर्णय : आर्थिक वर्ष २०८३।०८४ मा संघीय शर्शत अन्तर्गत किसान सूचीकरण गर्नको लागि बजेटको व्यवस्था भएकोले बुद्धभूमि नगरपालिका अन्तर्गतका पहिले संकलनको क्रममा छुट भएका कृषकहरूको अघिल्लो आ.व.मा खटिएका गणकहरूबाट नै तथ्यांक संकलन गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो । साथै, किसान सूचीकरण कार्यक्रम सम्पन्न भए पश्चात पशु सेवा शाखा तर्फ बार्षिक स्वीकृत पशुपन्छी तथा मत्स्य तथ्यांक संकलन कार्यक्रम सम्पन्न गर्नको लागि किसान सूचीकरणमा परिचालित गणकहरूलाई जिम्मेवारी दिई कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

६. **ईमिलिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पत्र सम्बन्धमा ।**

निर्णय : ईमिलिया खानेपानी तथा सरसफाई उपभोक्ता समिति बुद्धभूमि न.पा. ९ को च.नं. ०३ मिति २०८३।०४।१९ गतेको पत्रानुसार इमिलिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा खानेपानी समस्याको दीर्घकालिन समस्याको

यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

कैलाश कुमार श्रे
नगर प्रमुख

समाधान गर्ने अभिप्रायले खानेपानी तथा ढल व्यवस्थापन विभाग मार्फत उक्त उपभोक्ता समितिबाट प्रस्तावित योजना स्वीकृत भई मिति २०८३।०४।१५ मा खानेपानी आयोजना कार्यान्वयन गर्न १% नगद सहभागिता सहितको पूँजीगत लगानी माग भएको र त्यसमा स्थानीय (ग्राहक) उपभोक्ता समितिबाट १% लागत साझेदारी व्यहोर्ने प्रतिबद्धता साथ २% यस नगरपालिकाबाट उक्त आयोजना कार्यान्वयन गर्न लागत साझेदारी गर्न श्रोत सुनिश्चितता रहेको प्रतिवद्धताको लागि अनुरोध भई आएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी २% को लागत साझेदारी रकमको श्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

७. **सार्वजनिक शौचालय व्यवस्थापन सम्बन्धमा।**

निर्णय : यस नगरपालिकाको वडा नं. २, गोरूसिगें अर्घाखाँची चोकमा महेन्द्र राजमार्गको उत्तर तर्फ रहेको सार्वजनिक शौचालय व्यवस्थापन गर्न धन बहादुर तामाङले शौचालयको व्यवस्थापन खर्च (विद्युत, पानी, सरसफाई तथा मर्मत लगायतका) स्वयं व्यहोर्ने तथा बार्षिक ३१,०००।- (अक्षरेपी एकतीस हजार रूपैयाँ मात्र) बुद्धभूमि नगरपालिकालाई राजश्व बुझाउने गरी शौचालय सञ्चालन गर्न निवेदन पेश गरेकोले सोही बमोजिम आ.व. २०८३।०८४ आषाढ मसान्त सम्मको सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

८. **कृषि साप्ताहिक हाटबजार सम्बन्धमा।**

निर्णय : आन्तरिक आय अन्तर्गत तपसिलका हाटबजारहरूको आ.व. २०८२।०८३ मा मिति २०८३।३।२२, २०८३।०३।३१ गते आ.व. २०८३/०८४ मा मिति २०८३।०४।१९ गते गरी पटक पटक सूचना प्रकाशन भएकोमा ठेक्का व्यवस्थापन हुन नसकेको तथा उक्त हाटबजारहरूको ठेक्का नलगाउँदा नगरपालिकाको आन्तरिक राजश्वमा समेत असर पर्ने देखिएको हुँदा आ.व. २०८२/०८३ न्यूनतम कबोल अंकलाई आधारमानी ठेक्का व्यवस्थापनको लागि ७ दिने पुनः सूचना प्रकाशनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपसिल :

क्र. स.	शिर्षक	न्यूनतम कबोल अंक (आ.व. २०८२/०८३ लागि)	आ.व. २०८३/०८४ का लागि प्रस्ताव गरिएको अंक
१	कृषि साप्ताहिक हाटबजार, ईमिलिया, वडा नं. ९	रु.७,९५,३७५।-	रु. ७,९५,३७५।-
२	कृषि साप्ताहिक हाटबजार, गोरुसिंगे, वडा नं. २	रु.४,६२,५२५।-	रु. ४,६२,५२५।-

९. **वडा नं. २ को स्वास्थ्य चौकी र वडा कार्यालय स्थानान्तरण सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको वडा नं. २ बडहरामा रहेको १५ शैया नगर अस्पतालको भौतिक निर्माण सम्पन्न भएकोले उक्त अस्पताललाई संरक्षण तथा व्यवस्थापन गर्नको लागि वडा नं. २ को स्वास्थ्य चौकीबाट प्रवाह भई रहेको सेवालाई नगर अस्पतालबाट सञ्चालन हुने गरी स्थानान्तरण गर्ने साथै २ नं. वडा कार्यालयलाई हाल स्वास्थ्य चौकी रहेको भवनको आवश्यक मर्मत सम्भार व्यवस्थापन गरी स्थानान्तरण गर्ने निर्णय गरियो।

यज्ञकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशर कुमार शेष
अध्यक्ष

१०. **वडा नं. ९ को नागरिक आरोग्य केन्द्र स्थानान्तरण सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको वडा नं. २ बडहरामा रहेको १५ शैया नगर अस्पतालको भवनको निर्माण सम्पन्न भएकोले वडा नं. ९ को नागरिक आरोग्य केन्द्रबाट भई रहेको सेवालाई नगर अस्पतालमा स्थानान्तरण गरी सेवा सञ्चालन हुने गरी स्थानान्तरण गर्ने निर्णय गरियो ।

११. **वित्तीय साक्षरता कक्षा सञ्चालनको वडा छनौट सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि बुद्धभूमि आ.व. २०८३।०८४ को उनाइसौं नगरसभाबाट पारित बार्षिक विकास योजना पुस्तिकाको पेज नं. ७८ को चालु तथा प्रशासनिक विविध खर्च तर्फको सि.नं. ५ मा सुरक्षित वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) र नगरपालिका शिर्षकमा विनियोजित रू. ७,००,०००।- रकम मध्येबाट वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालनका लागि वडा नं. २, ४, ९ र ८ मा सञ्चालन गर्ने र प्रति सहभागी रू. ७०।- को दरले खाजा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१२. **शोक प्रस्ताव सम्बन्धमा ।**

निर्णय : कपिलवस्तु नगरपालिकाका निवर्तमान नगर प्रमुख श्री किरण सिंह मिति २०८३ श्रावण २२ गते देखि सम्पर्क विहीन भई मिति २०८३ श्रावण २४ गते मृत अवस्थामा फेला पर्नु भएको हुँदा यस बुद्धभूमि नगरपालिका परिवार अत्यन्त मर्माहत भएको छ । यस दुःखद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं । यस नगरपालिकामा मिति २०८३ श्रावण २५ गते (१ दिन) शोक विदा दिइएकोमा उक्त विदालाई अनुमोदन गर्ने निर्णय गरियो ।

१३. **विविध ।**

क) **बुद्धभूमि नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको व्यवसाय दर्ता सूचिकृत वडा कार्यालयहरूबाट हुने गरी व्यवस्था मिलाइएकोमा व्यवसाय दर्ता (सूचीकृत) प्रमाणपत्र लगायतका आवश्यक अनुसूचीहरू वडा कार्यालयको नाम हुने गरी संशोधन र अनुसूची थप गर्ने निर्णय गरियो ।

ख) **देउरी ताल/बुड्ढी तालको चमेना गृहको ठेक्का व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका वडा नं. ४ मा रहेको देउरी ताल/बुड्ढी तालको चमेना गृहको ठेक्का सम्बन्धमा छलफल गरियो । देउरी तालको पटक पटकको ठेक्का सूचना गर्दा कुनैपनि दरभाउपत्र पेश हुन नआएकोले यस अघि तोकिएको बुडढी ताल चमेना गृह सम्बन्धमा न्यूनतम मासिक ५,०००।– (पाँच हजार) (विद्युत महसुल बाहेक) तोकी ७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

वसकाजन पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ग) **वडा नं. ४ को वडा कार्यालय भवन सम्बन्धमा ।**

निर्णय : जिल्ला समन्वय समिति, कपिलवस्तुले आ.व. २०८१।०८२ मा ३ नं. वडा कार्यालय भवन निर्माणको लागि रू. ४० लाख रकम विनियोजन भएकोमा उक्त वडा कार्यालय निर्माण सम्पन्न भएकोले बाँकी रू. १२ लाख बजेटबाट तपसिलको योजना लागत साझेदारीमा सञ्चालन गर्नको लागि उन्नाइसौं नगर सभाबाट बजेट सुनिश्चित भएकोले उक्त योजना स्वीकृतिको लागि जिल्ला समन्वय समितिमा प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिलः

क्र.स.	योजनाको नाम	जि.स.स. लागत साझेदारी	न.पा. लागत साझेदारी	कुल जम्मा
१	वडा नं. ४ को वडा कार्यालय भवन	१२,००,०००।-	१३,००,०००।-	२५,००,०००।-

घ) **भूमि प्रशासन शाखा व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका २ नं. वडा कार्यालय सञ्चालन भएको ५ कोठा सहितको भवनलाई आवश्यक व्यवस्थापन गरी भूमि प्रशासन शाखाको लागि प्रयोग गर्ने निर्णय गरियो ।

ङ) **नगरस्तरीय योजनाहरूको उपभोक्ता समिति गठन सम्बन्धमा ।**

निर्णय: बुद्धभूमि नगरपालिकाको नगरस्तरीय योजनाहरूको लागि स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ परिच्छेद २ को दफा ४(ग) अनुसार आ.व. २०८३।०८४ को नगरस्तरीय योजनाहरूको उपभोक्ता समिति गठनको लागि कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधि तोक्नको लागि नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

यमकाला पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख